श्री

# दोलखा जिल्ला अदालत
## चरिकोट
## ( तहसिल फाँट )

मा.जि.न्या. फोन नं. :- ०४९-४२११०२
श्रेस्तेदार फ्याक्सः- ०४९-४२१८२४
ईमेलः- infodcdolakha@dcourt.gov.np

प.स. २०७६।०७७
च.नं.

सर्वसाधरणका लागी जारी भएको जिन्सीको २ पाङ्ग्रे मोटरसाईकल सवारी साधन लिलाम विक्री सम्बन्धी प्रथम पटकको गोप्य सिलबन्दी बोलपत्र आव्हान बारेको अत्यन्त जरूरी सुचना ।

सुचना प्रकाशन मितिः २०७६/५/०२

उपरोक्त सम्बन्धमा वादी नेपाल सरकार प्रतिवादी प्रल्हाद खडका समेत भएको ०७५-CR-०००४ नं. को वन्यजन्तुको ओखटोपहार (सालकको खपटा) ओसार पसार मुद्दामा जफत दावी भई यस अदालतको मिति २०७६/२/२७ को फैसलाले जफत हुने ठहरी फैसला भई उक्त फैसला अन्तिम भएको हुदा यस अदालतको मिति २०७६/४/१ गतेको निर्णय अनुसार गठित मुल्याङ्कन समितिको मिति २०७६/४/२० गतेको बैठकबाट कायम न्युनतम मुल्याङ्कन बमोजिम देहाय बमोजिमको दशीको २ पाङ्ग्रे मोटरसाईकल जे जस्तो अवस्थामा छ सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ तथा फौज्दारी कार्यविधि नियमावली २०७५ को नियम १५ बमोजिम सिलबन्दी बोलपत्र द्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ती तथा फर्महरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीतपुर्वकको गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

१. बोलपत्रको फारम कागजात यो सुचना प्रकाशित भएको मितिले २० औं दिन सम्म कार्यालय समयमा रु. १०००।— (फिर्ता नहुने गरी) आर्थिक प्रशासन शाखामा नगदै राजश्व तिरी तहसिल शाखाबाट खरिद गर्न सकिने छ । बोलपत्र खरिद गर्न दिने निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्र कुनै फर्म वा संस्था भए नविकरण सहितको फर्म वा संस्था दर्ताको प्रमाणपत्र र गत आर्थिक वर्ष सम्मको कर चुक्ताको प्रमाणपत्र लगायतका कागजातहरुका प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।
२. खरिद भएको बोलपत्रहरु यो सुचना प्रकाशित भएको २१ औं दिन अर्थात मिति २०७५/५/२२ गते दिनको ४.०० बजे सम्म यस अदालतको नाममा सम्बोधन गरी बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई सिलबन्दी छाप लगाई तहसिल शाखामा दर्ता गराउनु पर्नेछ । बोलपत्र दाताले बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन रकम यस अदालतको कोड नं. २०४-९७२३-०१ को कोष तथा लेखा नियन्त्रकको कार्यालयको नेपाल बैंक लिमिटैडको राजस्व खाता नं. १४३१२ मा जम्मा गरी सोको भौचर सहित बोलपत्र पेश गर्नु पर्नेछ ।

३. दर्ता भएका बोलपत्रहरु दाखिल गर्ने अन्तिम दिनको भोलिपल्ट अर्थात मिति २०७६/५/२३ गतेको दिनको ३.०० बजे बोलपत्रदाता र निजको प्रतिनिधिहरु र यस अदालतका प्रतिनिधिहरुको रोहवरमा यस अदालतको तहसिल शाखामा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने दाखिल गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. बोलपत्रमा लिलाम लिन कबोल गरेको अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । म्याद नाघि आएको र रित नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । एक व्यक्ती वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ती वा फर्मको नामबाट दाखिल गर्न पाईने छैन ।

५. बोलपत्रदाताले सिलबन्दी बोलपत्र पेश गरी छानविन भएपछि अधिकतम बोल कबोलको आधारमा अधिकतम कबोल गर्नेलाई मान्यता दिईनेछ । बोलपत्र खुली कारवाही भएपछी बाँकी ९० प्रतिशत रकम र सोको हुने मुल्य अभिबृद्धि कर समेत राजस्व खातामा ७ दिन भित्र जम्मा गरी सो रकम जम्मा गरेको मितिले ५ दिन भित्र मोटरसाईकल जे जस्तो अवस्थामा छ सोही अवस्थामा लगिसक्नु पर्नेछ । अधिकतम अंक कबुल गर्ने व्यक्ती वा फर्मले तोकिएको समय भित्र बाँकी रकम दाखेल नगरेमा निजले राखेको धरौटी रकम जफत हुनेछ ।

६. न्युनतम मुल्याङ्कन भन्दा घटी मुल्य कबोल गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

७. लिलाम भएको सवारी साधनहरु उठाई अन्यत्र लैजादा लाग्ने ज्याला तथा कानुन बमोजिमको अन्य दस्तुर र सवारी साधन दर्ता गर्दा लाग्ने शुल्क समेत बोलपत्रदाताले नै वेहोर्नु पर्नेछ ।

८. बोलपत्र दाताले लिलाम हुने मोटरसाईकल कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।

९. अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

१०. बोलपत्र स्विकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस अदालतमा सुरक्षित हुनेछ ।

| क्र.स | जिन्सी नं. | विवरण | ईन्जिन नं. | चेसिस नं. | उत्पादन वर्ष | मोडल/ हर्ष पावर | कम्पनी | कलर | न्युनतम मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८१ | बा ९१ प ५८४४ | DHYRHH -53049 | MD2A11CY8HRH -16626 | सन २०१७ | १५० सिसि | बजाज पल्सर | कालो | १,४५,५००।- | |